जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः ११, अंकः ३०७ पृष्ठः ४ | २०८१ चैत्र २४ गते आइतबार (Sunday 06 April 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## लहान नगरपालिकाद्वारा सुत्केरी तथा गर्भवती पोषण कार्यक्रम सञ्चालन




सिरहा, २३ चैत्र। लहान नगरपालिका-१७ की गर्भवती अस्मिता सिंहले शुक्रबार नगरपालिकाले वितरण गरेको पौष्टिक आहारसहितको पोषण सामग्री पाएपछि खुसीले दंग भइन्। उक्त सामग्रीले पोषणका लागि राहत सहयोग पुर्‍याउने उनले विश्वास व्यक्त गरिन्। “हामीसँग आवश्यक सन्तुलित खानेकुरा सबै हुँदैन। नियमित आयश्रोत नहुँदा आर्थिक समस्या हुने नै भयो। परिवारमा बिहान बेलुकाको छाक कसरी टार्ने भन्ने समस्या एकातिर छ भने अर्कोतिर शिशुलाई कसरी स्वस्थ जन्माउने भन्ने पिर अर्कोतिर छ”, उनले भनिन्, “नगरपालिकाले खाद्यान्नसहित वितरण गरेको पौष्टिक आहाराले हामीजस्तो निमुखालाई ठूलो सहयोग पुगेको छ।”

अस्मिताजस्तै वडाका ३४ जना गर्भवती तथा १८ जना सुत्केरीले शुक्रबार पौष्टिक आहारसहितको पोषण सामग्री पाएका छन्। ती सामग्रीमा चामल, दाल, नुन, तेल, चना, मटर, सोयाविनलगायत खाद्यान्न सामग्री रहेको नगरपालिकाका स्वास्थ्य शाखा अधिकृत विन्देश्वर चौधरीले जानकारी दिए। उनका अनुसार विगत तीन वर्षदेखि नगरपालिकाका २४ वटै वडाका सुत्केरी तथा गर्भवतीलाई ‘रोटेसन’का आधारमा

-बाँकी अन्तिम पेजमा

## सुडी समाज महासंघ नेपालको वार्षिक साधारणसभा



लहान, २३ चैत्र। सुडी समुदायको हकहितको संरक्षण र विकासका लागि सकृय सुडी समाज महासंघ नेपालको दोस्रो वार्षिक साधारणसभा प्रादेशिक राजधानी जनकपुरधामस्थित मिल्स एरियामा शुरु भएको छ। समाजमा आबद्ध सात वटै प्रदेशका करिब चार सय प्रतिनिधिहरु सहभागी साधारण सभामा अध्यक्ष प्रमेश्वर महासेठले समाजलाई आजको अवस्थासम्म ल्याइ पुर्याउन योगदान पुर्याउन भूमिका खेल्ने सबैलाई धन्यवाद दिँदै आगामी दिनमा अझ सशक्त बनाउन मिलेर काम गर्नु पर्नेमा जोड दिए। साधारणसभाले समाजको वार्षिक समिक्षासहित प्रगति प्रतिवेदन र आर्थिक प्रतिवेदन पारित गर्ने जनाइएको छ।

## जसपा नेपालका जिल्ला अध्यक्ष अशोक यादवका पिताको निधन

**महेश सिंह**

सिरहा, २३ चैत्र। अर्नमा गाउँपालिका-३ निवासी राम दयाल यादवको ६९ वर्षको उमेरमा निधन भएको छ। हृदयघातका कारण शनिबार बिहान १० बजे आफ्नै निवासमा निधन भएको पारिवारिक स्रोतले जानकारी दिएको छ। मृतकका छोरा अशोक यादव जनता समाजवादी पार्टी (जसपा) नेपालका सिरहा जिल्ला अध्यक्ष तथा अर्नमा गाउँपालिकाका अध्यक्ष हुन्। उहाँको निधनप्रति जसपा निकटका नेता तथा कार्यकर्ताहरूले दुःख व्यक्त गरेका छन्। यादवको पार्थिव शरीरको अन्त्येष्टि शनिबार साँझ ४ बजे गरिने परिवारले जनाएको छ।

स्व. यादवले श्रीमती बौऐ बती

-बाँकी अन्तिम पेजमा

## फुसको घर, पक्की शौचालय





**जीवछ यादव**

लहान, २३ चैत्र। लहान-२१, कलाबन्जर मुसहर समुदायको फुसको घर रहेको बस्तीमा टाढैबाट चम्किने सुन्दर सुविधासम्पन्न शौचालय निर्माण गरिएको छ। शौचालय निर्माणले पुस्ताैंपुस्तादेखि भेल्दै आइरहेको खुला दिसाबाट मुक्त भएपछि मुसहर समुदाय खुसी भएका छन्। शौचालय नहुँदा अर्काको खेतबारीमा खुला दिसा गर्न बसेकै समयमा खेतवालाले गाली, बेइज्जती गरेर उठाइदिन्थे। गाली, बेइज्जती सहेर खुला शौच गर्ने नियति नै भइसकेको थियो कलाबन्जरका मुसहर समुदायका लागि। कति बेइज्जती सहने ? अब त उठिबास नै हुने अवस्था आइसक्यो। पटक पटक वडा कार्यालयमा धाएपछि वडा कार्यालयको पहलमा उनीहरूको घरभन्दा सुन्दर शौचालय निर्माण गरिदिएर हस्तान्तरण गरेपछि स्थानीय मुसहर समुदायले खुसी व्यक्त गरेका हुन्।

स्थानीय मेदी सदाय भन्नुहुन्छ, “२८ लाख रुपियाँको लागतमा १४ कोठे सामुदायिक शौचालय व्यवस्थित खानेपानीको प्रबन्ध भएपछि सामाजिक प्रतिष्ठा बढ्यो। घरभन्दा व्यवस्थित र सुन्दर शौचालय हेर्दा ४२ घरपरिवार रहेको मुसहर बस्तीको मुहार नै फेरिएको छ। खुसीले गदगद भएका छौं।” बिहान ढिलो उठ्दा अर्काको खेतबारीमा दिसा गर्न गयो भने गाली खानुपर्ने सामाजिक पञ्चायतमा दण्ड जरिबाना तिर्नुपर्ने त्रास शौचालय निर्माण भएपछि सदाका लागि टरेको अर्का स्थानीय लक्ष्मी सदायले बताउनुभयो। स्थानीयले हर्षित मुद्रामा सुनाए, “हरेक चुनावमा व्यवस्थित बस्ती निर्माण र शौचालय निर्माणका लागि उठाइरहेको माग पूरा भयो। साँझमा खेतबारीमा खुला दिसा गर्न जाँदा सर्पको टोकाइ र चेलीबेटीलाई

-बाँकी अन्तिम पेजमा

GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812



## उच्च रक्तचाप नियन्त्रण गर्ने उपायहरु

- नून कम भएको स्वस्थ र पोषिलो आहार खाने,
- तौल कम गर्ने र शारीरिक रुपमा सक्रिय रहने,
- सुर्ती तथा मदिराजन्य पदार्थको सेवन नगर्ने,
- चिकित्सकको सल्लाह पालना गर्ने,
- चिकित्सकले सिफारिस गरेको औषधी नछुटाई खाने,
- आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई मधुमेह, रक्तचाप (ब्लडप्रेसर), मिर्गौला सम्बन्धी रोगको नियमित जाँच गर्ने गरौं।

**स्वस्थ र दीर्घ जीवन बाँचौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## बालेनद्वारा विधि र प्रक्रियाको सधैँ उपेक्षा

मूलतः प्रमुख बालेन्द्र शाह (बालेन)को कार्यशैली र संघीय सरकारको असहयोगका कारण काठमाडौं महानगरपालिका अहिले विवाद र अन्योलमा फस्न पुगेको छ। हुँदाहुँदा तालुकवाला हाकिम प्रमुख प्रशासकीय अधिकृतलाई कार्यालयमा छिर्न नदिन महानगरपालिकाका प्रहरीसमेत तैनाथ गरिए। पालिकाहरूमा प्रमुख प्रशासकीय अधिकृतहरूको खटनपटन संघीय सरकारले गर्दैआएको छ। पालिकाअनुसार नेपाल निजामती सेवाका विभिन्न श्रेणीका अधिकृत कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतका रूपमा खटाउने गरिन्छ। केही पालिकामा खटपट हुने गरे पनि पञ्चायतकालदेखिकै यो अभ्यास अहिलेसम्म कायमै छ। यस अभ्यासले एकातिर स्थानीय पालिकाहरूलाई प्रकारान्तरले संघीय सरकारको नियन्त्रणमा राखेको र निर्वाचित जनप्रतिनिधिले स्वतन्त्रतापूर्वक काम गर्न नपाएको गुनासो सुनिने गरेको छ। अर्कातिर, यसले अनुभवी प्रशासकहरूका कारण पालिकाहरूमा अराजकता अपेक्षाकृत कम भएको र संघीय सरकारसँगको समन्वय सहज भएको तर्क पनि सुनिन्छ।

आंशिकरूपमा यी दुवै धारणा सही हुन्। यथार्थमा भने यस अभ्यासको गुणअवगुण पालिकाका जनप्रतिनिधि र त्यहाँ खटिएका अधिकृतको व्यक्तिगत स्वभाव तथा सम्बन्धमा आधारित हुन्छ। जनप्रतिनिधि वा प्रमुख प्रशासकीय अधिकृतले आफूलाई ‌‌‌‌‌‌‌‌‌ु सर्वेसर्वा‌ु नठानेर विधि एवं प्रक्रियाको अनुसरण गर्ने हो भने काठमाडौं महानगरपालिकामा अहिले देखिएजस्तो तमासा हुने थिएन। देशका अधिकांश पालिकाहरूमा असहज भए पनि जनप्रतिनिधि र सरकारले खटाएका अधिकृतले मिलेरै कामकाज चलाएका देखिएको छ। संघीय सरकारले खटाएको अधिकृत र स्थानीय तहका निर्वाचित प्रतिनिधि मिलेर अनियमितता गरेको घटनासमेत प्रकाशमा आएका छन्। यसैले अभ्यासभन्दा पनि बढी दोषी व्यक्तिहरू नै हुन् भन्न सकिन्छ। काठमाडौं महानगरपालिका प्रमुखमा स्वतन्त्र युवा उमेदवार शाह निर्वाचित भएपछि महानगरमा सुशासनको नयाँ अध्याय सुरु हुने अपेक्षा धेरैले राखेका थिए। तर, फटाफट परिणाम देखाउने महत्त्वाकांक्षा पूरा गर्ने जोसमा सुशासनको मूल आधार विधि र प्रक्रियाको अक्षरशः पालना हो भन्ने मूल मन्त्रलाई उनले सधैँ उपेक्षा गरे। पालिकाहरूको संरचना नै अध्यक्षीय तथा संसदीय पद्धतिको मिश्रणका रूपमा तयार गरिएको छ।

लोकतान्त्रिक अभ्यासप्रति प्रतिबद्धताको कमीका कारण हुनसक्छ प्रमुख बालेन्द्र शाहले काठमाडौं महानगरपालिकालाई सुरुदेखि नै अपेक्षाकृत अधिनायकवादी शैलीमा सञ्चालन गर्न खोजे। कार्यपालिकाले पारित गरेरमात्र गर्नुपर्ने कतिपय काम उनले आफ्नो तजबिजमा गरे। सायद, उनको लोकप्रियता र सफा नियत देखेरै कार्यपालिकाका अरू सदस्यले शाहको विधि र प्रक्रियाको अवज्ञा गर्ने शैलीलाई पनि सहजरूपले लिइदिए। यसले उनमा अतिमहत्त्वाकांक्षाका साथै अतिआत्मविश्वास जन्मायो। प्रधानमन्त्रीलगायतका पदाधिकारलाई सामाजिक सञ्जालको अनुत्तरदायी प्रयोगकर्तालाई पनि नसुहाउने शैलीमा बालेनले ललकार्न थाले। उनले के गर्छन् र के भन्छन् ९सामाजिक सञ्जालमा के लेख्छन्० भन्ने कसैले अनुमानै गर्न नसक्ने भयो।

प्रमुख प्रशासकीय अधिकृतलाई निलम्वन गरेर छानबिन थालेपछि कारबाही टुंगोमा पुर्‍याउनु भन्दा बढी बालेनको ध्यान त्यसको प्रचार गर्ने र सरकारलाई ललकार्नमै बित्यो। सरकारसँग बालेनको नबुझ्न सक्छ तर महानगरपालिका प्रमुखका हैसियतमा उनले चित्त नबुझे पनि सरकारसँग समन्वय गर्नृपर्ने हुन्छ। यसमा बालेन नराम्ररी चुके। यही कारणले महानगरपालिकाका कर्मचारी र उपप्रमुखलगायतका जनप्रतिनिधिले बालेन्द्र शाहको अवज्ञा गरे। अहिलेको अवज्ञा असहयोगमा बदलियो भने बालेन्द्र शाहको बाँकी कार्यकाल विवादमै बित्न सक्छ। प्रहरीको भरमा महानगरपालिका नियन्त्रणमा लिन खोज्नु बालेनको अर्को गम्भीर गल्ती हो। यो परम्परा बन्यो भने भोलि यही प्रहरी बालेनको विरुद्ध पनि परिचालित हुनसक्छ।

काठमाडौं महानगरपालिकाका प्रहरी प्रमुखले पनि बालेनलाई विवादमा मुछ्ने काम बढी नै गरेका छन्। विगतमा नागरिकहरूमाथि महानगरपालिकाको प्रहरीले गरेको अत्याचारदेखि अहिले आफ्नै तालुकवाला हाकिमको बाटो छेक्नेसम्मको उद्दण्डता बर्दीधारी संगठनका प्रमुखले अपनाउने उचित अभ्यास होइन। अझै पनि समय छ। बालेनले विधि र प्रक्रिया पालना गर्ने र अभिव्यक्तिमा संयम अपनाउने हो भने काठमाडौं महानगरपालिका चलाउन उनलाई खासै कठिन हुनेछैन। युवा जनसंख्यामा उनको लोकप्रियता हेर्दा बिनाकारण बालेनसँग भिड्ने आँट बिरलैले गर्लान्। यस्तै, सामान्य शिष्टाचारको सीमाभित्र रहेमा सरकारसँग पनि उनलाई समस्या नहोला। सद्भाव र विश्वास नभए काम गर्न मुस्किल हुन्छ भने जनसाधारणले त्यसको मार सहनुपर्ने हुन्छ। महानगरपालिकाका प्रमुखसँगै यति धेरै विवाद परिसकेपछि प्रमुख प्रशासकीय अधिकृतका निम्ति पनि सरुवा भएरै जानु उचित हुनेछ। सरकारले पनि बालेनको बेहोरमात्रै हेरेर राजधानीको महानगरपालिकामा तमासा हुन दिनु हुँदैन।

# आगजनी भए पनि माग धान्ने गरी ‘सञ्चो’ मौज्दात छ




जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको कार्यालयमा भएको आक्रमणबाट सबैभन्दा बढी क्षति भवनहरुमा भएको छ। ‘सञ्चो’ भनेर धेरै नेपालीलाई थाहा छ तर उत्पादक संस्थाबारे कतिपयलाई थाहा नहुन सक्छ। कम्पनीले अन्य विविध उत्पादनहरू गरिरहे पनि ‘सञ्चो’ एक स्थापित ‘ब्रान्ड’ नै भइसकेको थियो। जसले उत्पादक कम्पनीबारे पनि आमनागरिकमा एउटा छाप छोड्दै थियो। यसका पछाडि वर्षौंदेखि संस्था र सरकारका लगानी तथा मेहनत छ। विडम्बना, त्यही संस्था गएको फागुन १५ गते शुक्रवारदेखि भग्नावशेषमा परिणत भएको छ। एक्कासी भएको आक्रमण र आगजनीबाट जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड खण्डहर बनेको हो ।

कम्पनीमा रहेका उपकरण र अन्य सामग्री जलेर खरानी भएका छन्। औषधि उत्पादनमा प्रयोग हुने कच्चापदार्थ, उपकरण, फर्निचर, कागजातल, प्याकेजिङलगायत सामग्री जलेर नष्ट भएका छन्। प्रारम्भिक विश्लेषणअनुसार आगजनीबाट अनुमानित २८ करोड रुपैयाँ बराबरको क्षति हुन पुगेको छ। त्यो दिन सम्झिँदा मन भक्कानिन्छ। जनमानसमा ‘सञ्चो’उत्पादन गर्ने संस्थाका रूपमा चिनिएको यस कम्पनीलाई आफ्नै आँखा अगाडि खरानी भएको देख्दा मन रोएको छ। म महाप्रबन्धक भएर आएपछि आफैँले त्यो नयाँ मेसिन राखेको थिएँ। अब यो लेभलसम्म आयो भनेर कति खुशी थियौं तर आँखा अगाडि नै त्यो सबै संरचना जलेको देख्दा आँखाबाट आँसु नै आयो। मन थाम्न सकिनँ। यस्तो हुन पुग्यो।

अहिले उत्पादन ठप्प भएको छ। यद्यपि चाँडै नै कम्पनी पुरानै अवस्थामा फर्किने आशा छ। सबै जलेर खरानीमा परिणत भएको छ। कम्पनी विविध चुनौतीका बीच एक चरणमा अगाडि बढिरहेको थियो, शाखा पनि विस्तार गरिसकेका थियौँ। हामी सबै कर्मचारी उत्साहित थियौँ तर हुलदङ्गाको चपेटामा परेर सबै गुम्यो। अब सरकारले यसलाई गम्भीर भएर सोचिदिनुपर्छ। पहिलाकै अवस्थामा कम्पनीलाई ल्याउन कठिन भए पनि प्रयास र समन्वय भइरहेको छ। कम्पनीले देशभर रहेका शाखा कार्यालयबाट उत्पादन शुरु गर्ने लक्ष्य राखेको छ। सातवटै प्रदेशमा शाखा राख्ने भनेर विभिन्न ठाउँमा काम भइसकेको छ। लुम्बिनी प्रदेशमा मात्र जान बाँकी थियो। जाजरकोटमा पनि हालैमात्र शाखा विस्तार गरेका थियौँ। गोरखामा पनि शुरु गर्ने तयारी थियो। अब जिल्लामा रहेका शाखाबाट उत्पादन गर्ने कोशिस गर्छौं तर जति माग थियो त्यसलाई भने धान्न सकिँदैन। अस्थायी संरचना तयार गरेर भए पनि उत्पादन शुरु गर्ने र यसका लागि सम्बन्धित निकायको ध्यानाकर्षण हुनुपर्छ। छानविन आफ्नो ठाउँमा छ। आफ्नो तर्फबाट सम्बन्धित निकायसँग पहल गरिरहेका छौँ। व्यवसाय गर्ने संस्था हो। आफैँ कमाउने आफैं खाने संस्था हो। अर्थतन्त्रमा यसको पनि योगदान हुन्छ। त्यसैले उत्पादन रोकिनुहुन्न। सञ्चोको उत्पादन पुनः हुनुपर्छ भनेर लागिरहेका छौँ, यसमा सबैबाट सहयोग पाउने आशा गरेका छौँ। २०३८ सालमा स्थापित सरकारको स्वामित्व भएको यो कम्पनीले विभिन्न औषधिमुलक एवम् सुगन्धित जडीबुटीहरूको संकलन र प्रशोधन गर्दै आएको छ। कम्पनीले सञ्चो, भिक्स, हिमालय मसाज तेल, सञ्चो जटा केश तेललगायत उत्पादन गर्दै आएको छ ।

सबैभन्दा बढी बिक्री हुने उत्पादनमा ‘सञ्चो’ पर्छ। यो उत्पादन सबै नेपालीले गौरव गर्ने वस्तु हो। केही दिनमा मेसिनको परीक्षणपछि फेरि उत्पादन हुन्छ। अहिले कम्पनीमा उत्पादन नभए पनि हामीसँग माग धान्ने गरी मौज्दात छ। माग धान्न गाह्रो हुँदैन। वर्षमा ६० लाख वटाको दरमा लक्ष्य लिएर कम्पनीले उत्पादन गरिरहेको छ। पछिल्लो समय नयाँ मेसिन जोडिएको छ। यो मेसिनले वर्षमा एक करोड ‘सञ्चो’ उत्पादन गर्ने क्षमता छ। आगजनीबाट अब मेसिनले उत्पादन क्षमता केही कम हुन सक्छ। तर यो मेसिनले उत्पादन भने गरिरहन्छ। त्यसैले हामी छोटो समय र लामो समयसम्म कसरी उत्पादन गर्न सकिन्छ भनेर योजना बनाएर लागिरहेका छौं। उद्योग नै बन्द हुने अवस्था छैन। यहाँबाट भएन भने पनि शाखा कार्यालयहरुबाट उत्पादन गर्न मिल्छ। ‘सञ्चो’लाई कहाँबाट र कसरी उत्पादन गर्न सकिन्छ भनेर हामीले योजना बनाइरहेका छौं।

# वायु प्रदूषण : महिला, गर्भवती, बालबालिका र सीमान्तकृत समुदाय बढी प्रभावित




काठमाडौं, २३ चैत्र। काठमाण्डौ उपत्यकासहित देशभर नै केही दिनयता बढेको वायु प्रदूषणले विशेषगरी महिला, गर्भवती, बालबालिका र सीमान्तकृत समुदाय बढी प्रभावित भएको भन्दै सरोकारवालाले चिन्ता व्यक्त गरेका छन्। संवैधानिकरुपमा व्यवस्था भएको स्वस्थ वातावरण सबैको अधिकार व्यवहारमा सुनिश्चत गर्न सरकारसँग माग गरेका छन्। महिला पुनर्स्थापना केन्द्र (ओरेक) ले हिजो वन तथा वातावरणमन्त्री ऐनबहादुर शाहीलाई ध्यानाकर्षण पत्र बुझाउँदै तत्काल वायु प्रदूषणलाई जनस्वास्थ्य आपत्काल घोषणा गरी वायु प्रदूषण नियन्त्रणका कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न माग गरेको छ।

हिजो अधिकारकर्मीहरूको टोलीले वनमन्त्री शाहीलाई भेटेर ज्ञापनपत्र समेत बुझाएका थिए। काठमाण्डौका अस्पतालहरूमा देखिएको बिरामीको चापले पनि श्वासप्रश्वास सम्बन्धी आपत्कालीन घटनाहरूमा वृद्धिको संकेत गरेको उनीहरूको भनाइ छ। उनीहरूले वायु प्रदूषणलाई जनस्वास्थ्य आपत्काल घोषणा गरी तत्काल न्यूनीकरणका उपायहरू कार्यान्वयन गर्न माग गरेका छन्। त्यस्तै, अनुगमन संयन्त्रहरूलाई प्रभावकारी बनाउने र वातावरणीय नियमनहरूलाई कडाइपूर्वक कार्यान्वयन गर्नुपर्ने, महिला र सीमान्तकृत समुदायहरूमा वायु प्रदूषणको असमानुपातिक प्रभावलाई सम्बोधन गर्न लैङ्गिक उत्तरदायी नीतिहरू लागू गर्नुपर्ने माग गरेका छन्।

त्यस्तै, वायु गुणस्तर व्यवस्थापन, नवीकरणीय ऊर्जाको प्रवर्द्धन, र शहरी हरियालीको विस्तार जस्ता दीर्घकालीन, दिगो समाधानहरूमा लगानी गर्नुपर्ने, वायु प्रदूषण नियन्त्रण गर्न छिमेकी देशहरूसँग क्षेत्रीय सहकार्य स्थापित गर्नुपर्ने तथा मानव अधिकार र पर्यावरणीय न्यायप्रति संवेदनशील बन्नुपर्नेमा जोड दिएका छन्।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।
समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो।
छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# रेलवे मुआब्जाको गाँठो फुकाउन सर्वपक्षीय भेला

बर्दिबास, २३ चैत्र। रेलवे विस्तारमा लामो समयदेखि थाती रहेको मुआब्जा विवाद समाधान हुन नसक्दा ट्र्याक निर्माणको गति अवरुद्ध छ। समस्या समाधानमा देखा परेका अनेक जटिलताले पीडितको माग कसरी र कहिलेसम्म सम्बोधन हुने भन्ने अनिश्चित छ। यो अन्योल र अनिश्चय चिर्न मुआब्जापीडितले बर्दीबासबाट सुरु गरेका संघर्षका अन्त्यहीन यात्राले विभिन्न चरण पार गर्दै गत साता काठमाडौँकेन्द्रित आन्दोलन गर्दा पनि समाधानको साटो आश्वासन र सान्त्वना मात्र पाएर फर्कनु परेको पीडितको दु:खेसो छ।

विवादका कारण बर्दीबासमा ट्र्याक निर्माणको काम अलपत्र छ। जयनगर–बर्दीबास ६९ किमी रेल सञ्चालन गर्न भारत सरकारसँग सन् २०१० मा सम्झौता भए बमोजिम जयनगर–भङ्गाहा ५२ किमीको ट्र्याक निर्माण सम्पन्न भई २०८० सालदेखि यस रुटमा रेल सेवा सञ्चालन छ। त्यसयता १७ किमी क्षेत्रमा देखा परेको विवाद समाधान हुन नसक्दा बर्दीबासमा आएर रेलवेको निर्माण अड्किएको छ। रेलवे विस्तारमा मुआब्जा विवाद, वर्गीकरण विवाद र सडक विवाद गरी तीन प्रकारका समस्या देखिएका छन्। तीमध्ये पनि मुआब्जा विवादले बर्दीबास–१४ का १४ परिवारको उठिबास हुने भएपछि रेलवे विभाग र स्थानीय प्रशासनलाई यो समस्या समाधान गर्न निकै कठिन भएको छ।

नगर क्षेत्रका जनताको उठिबास हुने भएपछि बर्दीबास नगरपालिकाले पीडितको सहभागितामा शुक्रबार आयोजना गरेको सर्वपक्षीय भेलामा विवाद समाधानको प्रयास गरिएको छ। प्रमुख जिल्ला अधिकारी लालबाबु कवाडीको उपस्थितिमा वडाध्यक्ष, नापी प्रमुख, रेलवे कर्मचारी, स्थानीय समाजसेवीको सहभागिता रहेको भेलाले विवाद समाधानका लागि पीडित पक्षसँग गम्भीर छलफल गरेको थियो। भेलालाई सम्बोधन गर्दै नगरप्रमुख प्रह्लाद क्षेत्रीले छलफलबाट पीडितको समस्या समाधान गरी ट्र्याक निर्माणको कामलाई गति दिने सर्वपक्षीय भेला डाकिएको जानकारी गराएपछि विषयले प्रवेश पाएको थियो।

त्यस क्रममा प्रशासनविद् तथा समाजसेवी पोषण थापाले रेलवेपीडितका समस्यालाई विविध कोणबाट परिभाषित गर्दै विवाद समाधानमा सबै पक्ष गम्भीर हुनुपर्ने धारणा राख्नुभयो। उहाँका अनुसार १४ परिवार बसोबास भएको करिब दुई बिघा जग्गाको नापी र मालपोतामा स्रेस्ता स्पष्ट नभएकाले जनताले दु:ख पाएका बताउनुभयो। उहाँले भन्नुभयो, "फिल्डबुकमा स्रेस्ता भएकाले यसलाई ऐलानी भन्न पनि मिलेन। अर्कोतर्फ धनीपुर्जा नभएको कारण देखाउँदै ४० वर्षदेखि बसोबास गर्दै आएका १४ परिवारलाई रेलवेको मुआब्जा नदिने निर्णयले द्वन्द्व बढाएको हो।" उहाँले कानुनको गाँठो फुकाएर पनि १४ परिवारलाई न्याय दिनुपर्ने अडान राख्नुभयो।

अर्कोतर्फ सोही वडा अन्तर्गतको खोल्सी पैनीपश्चिमको छ बिघा जग्गाको वर्गीकरण विवादले करिब ३५ किसान मर्कामा छन्। रेलवे आयोजना पीडित संघर्ष समितिका अध्यक्ष निरोज अधिकारीका अनुसार मुआब्जा समितिले खोल्सी पैनीपश्चिमका जग्गाको मूल्यांकन प्रतिकट्ठा १५ लाख रुपैयाँ तोकेको छ। रेलवे विभागले भने खोल्सी पैनीको आधारलाई नै बङ्ग्याएर तोकिएको मुआब्जा नदिने भएपछि संघर्षमा उत्रनु परेको बताउनुभयो। उहाँले भन्नुभयो, "हामीले मुआब्जा रकम बढाएर दिनु पर्छ भनेका छैनौँ। निर्धारण गरिएकै मुआब्जा न्यायोचित ढङ्गमा वितरण गर्नुपर्ने हाम्रो माग हो। रेलवे विभागले त्रुटि सच्याएर अगाडि बढे समस्या तत्काल समाधान हुन सक्छ।"

अर्कोतर्फ भङ्गहा–४ का कुशेश्वर यादवले रेलवे विभागको बदमासीले हुदाँहुँदैको सडक पनि लुकाएर १५ कट्ठा जग्गाको मुआब्जा रकम घटाएपछि ट्र्याक निर्माणमा अवरोध गरेको बताउनुभयो। उहाँका अनुसार भङ्गाहाका बाटो कायम भएको जग्गालाई प्रतिकट्ठा छ लाख र बाटो नभएको जग्गालाई डेढ लाख रुपियाँ मुआब्जा दिने निर्णय छ। ती जग्गामा बाटो कायम रहेका प्रमाणहरू पेस गरेपछि महोत्तरी प्रशासनले पनि छ लाख रुपियाँका दरले मुआब्जा दिन दुई वर्षअघि नै सिफारिस गरेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "रेलवेले सिडिओको सिफारिसलाई पनि अटेर गरेपछि विवाद बढेको हो।" रेलवे विभागका सुमोद पोखरेलले कार्यक्रममा प्रस्तुत भएका खोल्सी, पैनी र भङ्गहाको विवाद समस्या नभएर गुनासो मात्र भएकाले यसलाई समाधान गर्न रेलवे विभाग सकारात्मक रहेको बताउनभयो। १४ परिवारको समस्या भने जटिल रहेको उहाँले बताउनुभयो।

नगरप्रमुख प्रह्लाद क्षेत्रीले यी १४ परिवार जिम्दार प्रथाको पालादेखि बसोबास गर्दै आएका बर्दीबासका पुराना बासिन्दाका सन्तती भएको बताउनुभयो। उहाँले भन्नुभयो, "फिल्डबुकमा मान्छे नै नभएको काल्पनिक नाममा यो जग्गा देखिएकाले पनि समस्या भएको हो।" प्रमुख जिल्ला अधिकारी लालबाबु कवाडीले यो समस्या समाधानका लागि १४ परिवारको जग्गा हकदाबीको सूचना प्रकाशित गरी जटिल बन्दै गएको मुआब्जा समस्या समाधान गर्न प्रक्रिया सुरु गर्ने बताउनुभएपछि सोहीबमोजिम सर्वसम्मत निर्णय गरिएको छ।

# महोत्तरीमा बालिकामाथि सामूहिक बलात्कार

**अजय शाह**

महोत्तरी, २३ चैत्र। महोत्तरीमा पुनः एक बालिकामाथि सामूहिक बलात्कार भएको छ। यस अघि जलेश्वरमा बालिकामाथि बलात्कारको घटना सार्वजनिक भएको एक साता नबित्दै फेरि बालिकामाथि सामूहिक बलात्कार भएको अर्को घटना सार्वजनिक भएको छ। पीडित बालिकाको बुवाले दुई जना युवकहरूले छोरीलाई बिहीबार राति अपहरण गरी बलात्कार गरेको जानकारी दिए। उनले आफू राति कामबाट घर फर्केको बेला दुई जना युवकहरूले एक बालिकालाई कपडाले मुख छोपेर घिसार्दै लगेको देखे पनि वास्ता नगरेको तर घर पुग्दा आफ्नी छोरीलाई नदेखेपछि खोज तलास गर्न निस्केको बताए।

उनले भने, "घरमा छोरी नभएपछि शंका लागेर युवकहरूले बालिकालाई लग्दै गरेको दिशातिर खोज्न जाँदा आफ्नै छोरी निर्वस्त्र अवस्था रुदै कराउँदै गरिरहेको भेटिएको र ती दुई जना युवकहरू मध्ये जनालाई आफूले लट्ठी प्रहार गर्दा घाइते भएको र अर्को फरार भए।" घटना बलवा नगरपालिकाको हो। नाबालिक छोरीमाथि अत्याचार गर्ने उपर आफूले कुटपिट गर्दा उसको खुट्टामा चोट लागेको र स्थानीय प्रहरीले छोरीमाथि बलात्कार गर्ने उपर कारबाही प्रक्रिया अघि नबढाएर उल्टै आफूलाई दिनभर थुनेर राखेको गुनासो गरे। उनले भने, "पीडकको अभिभावकले प्रहरीलाई कुटपिट गरेको भनेर खबर गरेको र प्रहरीले छोरीमाथि ती युवकहरुले बलात्कार गरेको भन्दा पनि नसुनेर मलाई दिनभर थुना राख्यो। छोरीमाथि तेस्रो घटना भयो, तर मलाई प्रहरीले थुनेर राखे। हामीलाई न्याय चाहियो।"

यता जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता डीएसपी सन्तुलालप्रसाद जयसवारले जिल्लामा यस घटनाबारे जानकारी आएलगतै टोली खटाई बालिकाको स्वास्थ चेकजाँच गराउन लगाएको बताए। उनले पीडित बालिकालाई प्रादेशिक अस्पताल जलेश्वर ल्याएर स्वास्थ्य जाँचलगायतको प्रक्रिया अघि बढाएको बताए। अहिले बालिका प्रहरीको संरक्षणमा सुरक्षित रहेको र आवश्यक सबै कानुनी प्रक्रिया भइरहेको डीएसपी जयसवारले बताए। डीएसपी जयसवारको अनुसार आरोपी मध्येको एक जना प्रहरीको निगरानीमा खुट्टाको उपचारमा रहेको र अर्को फरार रहेकाले उसको खोजी भइरहेको बताए। उनले आरोपीहरू दुबै जना नाबालक रहेको र घटनाबारे थप अनुसन्धान अघि बढाइएको बताए।

डीएसपी जयसवारले पीडितलाई नै स्थानीय प्रहरी चौकीले दिनभरी थुनेर राखेको भन्ने बारे तत्काल यसको सूक्ष्म अनुसन्धान गर्ने र प्रहरी दोषी देखिए विभागीय कारबाही गरिने बताए। उनले चोट लागेका व्यक्ति बलात्कार आरोपी भएको बारे प्रहरीलाई थाहा नभएको हुन सक्ने भएकाले यी कुरा अनुसन्धानबाट खुल्ने बताए। यसअघि एक साता अघि एक बालिकालाई बलात्कार गरेको आरोपमा जलेश्वर नगरपालिकाका १७ वर्षीय किशोरलाई प्रहरीले सोमबार पक्राउ गरी कानुनी प्रक्रिया अघि बढाएको छ। बालिकाको अभिभावकको जाहेरीपछि प्रहरीले आरोपीलाई घरबाटे पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका एसपी नकुल पोखरेलले जानकारी दिए। आइतबार अपराहन आरोपीले घरबाहिर खेलिरहेका बालिकालाई घरको भान्सा कोठामा लगेर बलात्कार गरेको बताइएको छ।

पीडक पक्षले घटना मिलाउन दबाब दिए पनि पीडित बालिकाका बाबुले अस्वीकार गरेपछि आरोपीलाई उसका अभिभावकले भगाएका थिए। घटना सम्वेदनशील रहेको र यसबारे भोलीपल्ट सोमबार मात्र जानकारी आएको बताउँदै एसपी पोखरेलले सोही दिन साँझ नै आरोपीलाई लुकाइछिपाई राखेको अवस्थामा घरबाटै प्रकाउ गरेको जानकारी दिए। घटना मिलाउन पीडक पक्षबाट दबाब आएको जानकारी पाएको बताउँदै उहाँले पीडितबालिका र उनका अभिभावकको सम्पूर्ण सुरक्षालाई गम्भीरताका साथ लिएको उल्लेख गरे। बालिकालाई असह्य पीडा भएपछि प्रादेशिक अस्पताल लगेर उपचार गराइएको थियो। प्रहरीमा जाहेरीपछि बालिकाको स्वास्थ्य परीक्षण समेत गराइएको छ।

# नोरा फतेहीले नेपाली दर्शकलाई नचाउने

*पूर्ण मनोरञ्जनसहितको कार्यक्रम हेर्न नेपालीसँगै सीमावर्ती क्षेत्रका भारतीय दर्शक समेत नोरालाई हेर्न आउने आशा आयोजकको छ। नोराले पहिलोपटक नेपालमा प्रस्तुति दिन लागेकी हुन्।*

काठमाडौं, २३ चैत्र। चर्चित भारतीय डान्सर तथा अभिनेत्री नोरा फतेहीले नेपाली दर्शकलाई नचाउने भएकी छन्। ३ जेठमा बौद्धस्थित हायातको चौरमा 'नोरा फतेही लाइभ इन नेपाल' आयोजना हुँदैछ। वर्ल्डवाइड फिल्मस् नेटवर्क प्रालिले शिक्षाबाट बञ्चित बालबालिकाको क्षेत्रमा काम गर्दै आएको सामाजिक संस्था 'ह्युमन रेस्पेक्ट नेपाल'को सहयोगार्थ च्यारिटी कार्यक्रम गर्न लागेको हो। मनु मिडिया प्रालिले इभेन्ट व्यवस्थापन हेर्नेछ। नेपालमा आयोजना हुँदै आएका अन्तर्राष्ट्रिय कलाकारका शोबीच यो कार्यक्रम उत्कृष्ट हुने इभेन्ट म्यानेजर मनिष कार्की बताउँछन्। यसका लागि मुम्बईबाट नोरासहित २० बढी कोरस डान्सरहरू प्रस्तुति दिन नेपाल आउनेछन्।

पूर्ण मनोरञ्जनसहितको कार्यक्रम हेर्न नेपालीसँगै सीमावर्ती क्षेत्रका भारतीय दर्शक समेत नोरालाई हेर्न आउने आशा आयोजकको छ। नोराले पहिलोपटक नेपालमा प्रस्तुति दिन लागेकी हुन्। आयोजक संस्थाका अध्यक्ष देव मगरका अनुसार कार्यक्रममा चर्चित नेपाली कलाकारले पनि प्रस्तुति दिनेछन्। टिकटको मूल्य २ हजार, ४ हजार, ७ हजार र १६ हजार तय गरिएको छ। दर्शकले आइतबारदेखि खल्ती एपबाट टिकट किन्न सक्नेछन्। नोरा अभिनेत्री मात्र होइनन्, चर्चित नृत्यांगना समेत हुन्। दिलबर दिलबर, कुसु कुसु, ओ साकी साकी, नाच मेरी रानी नाच सुपरडुपर हिट गीतमा नोराले नचेकी छन्। 'स्नेक' उनको पछिल्लो विश्वव्यापी चर्चित गीत हो जुन ग्लोबल ट्रेन्डिङमा समेत छ। भारतको हिन्दी, तेलुगु र मलायलम फिल्ममा पनि उनले अभिनय गरेकी छन्।






# दुई पक्षको विवादमा बिरामी 'बन्धक'

**कमलेश ठाकुर**

सिरहा, २३ चैत्र। सिरहा गोलबजारकी प्रमिला साह शनिबार बिहान जनकपुर न्युरो अस्पतालको शैयामा सामान्य अवस्थामा थिइन्। बेड नम्बर १३ मा रहेकी उनी हिँडडुल गर्दै सामान मिलाइन्। पानी खाँदै वार्डमा खटिएका स्वास्थ्यकर्मीलाई सोधिन्, 'कहिया जाइदेबै ?' अर्थात् कहिले जान दिनुहुन्छ ? स्वास्थ्यकर्मीले चिकित्सले भनेपछि मात्रै जान पाउने जवाफ फर्काए। प्रमिला सबै कुरा ठिक रहेको र किन जान नदिएको भन्दै प्रश्न गरिरहिन्। उनको यो प्रश्नमा स्वास्थ्यकर्मीले केही जवाफ दिएनन्। एकछिनपछि प्रमिलाले चिकित्सकसँग नरम शैलीमा डिस्चार्जका लागि अनुनय गरिन्। उनी २३ दिनदेखि अस्पतालमा भर्ना छिन्।

यही चैत १ गते जनकपुरधामबाट राजविराज जाँदै गरेको ना.५ ख.१४४१ नम्बरको बस दुर्घटना हुँदा प्रमिला घाइते भएकी थिइन्। प्रमिलासँगै ४१ जना यात्रु दुर्घटनामा घाइते भएका थिए। अहिले सात जना बिरामीलाई अस्पतालले बन्धक बनाएर राखेको जानकी यातायात प्रालिका अध्यक्ष मनोज चौधरीको आरोप छ। अस्पतालका चिकित्सक डा. सञ्जय मण्डलका अनुसार प्रमिलाको छातीमा चोट लागेको थियो। जसका कारण छातीभित्र ब्लड जेमेको थियो। तर, अहिले उनी ठिक अवस्थामा रहेको डा. मण्डलको स्वीकारोक्ति छ। 'उहाँको अवस्था ठिक छ। अहिले कुनै प्रकारको जोखिम छैन,' उनले भने, 'अब एक/दुई दिनमा डिस्चार्ज भइहाल्छ।'

अस्पताल परिसरमै भेटिएका अर्का बिरामी बिन्देश्वरी नायकका छोरा अशोक नायकले चार दिनदेखि अस्पतालले जान नदिएको आरोप लगाए। 'चार दिनअघि डिस्चार्ज गऱ्यो। म सिरहा कर्जनहाबाट लिन आएँ,' अशोकले भने, 'अब अस्पतालले जान दिएको छैन।' अस्पतालले स्पष्ट जवाफ पनि नदिएको उनले बताए। तर, बसवालाले पैसा नदिएका कारण घाइते यात्रुको उपचारपश्चात् पनि जान नदिइएको उनको शंका छ। चिकित्सक डा. अजय राउतले बिन्देश्वरी नायकको स्पाइन सर्जरी भएको बताए। ढाडको ह ा भाँचिएको उनी अहिले सामान्य अवस्थामा रहेको डा. राउतको कथन छ।




'डिस्चार्ज हुन सक्छन्। आजै उहाँहरू जानुहुन्छ। पूजा छ घरमा भनेर जान लाग्नु भएको छ,' उनले भने, 'तर, फलोअपसम्मको जिम्मेवारी हाम्रो हुँदैन।' एक हप्ता अझै बसेको भए पूर्ण रूपमा ठिक हुने चिकित्सक डा. राउतको सुझाव छ। जिल्ला प्रहरी कार्यालय धनुषाका डीएसपी बरुणबहादुर सिंहले दुवै पक्षलाई अगामी सोमबार छलफलमा बोलाएको जानकारी दिए। 'दुवै पक्षबाट फरक–फरक कुरा आयो। अनि सोमबार बसेर हिसाब टुङ्गो लगाउने सहमति भएको छ,' उनले भने, 'सामान्य अवस्थामा रहेका बिरामीलाई पनि डिस्चार्ज गर्न भनेका थियौं।'

**बन्धक बनाउँदा तोडफोड**

बस दुर्घटनाको जिम्मा जानकी जनकपुर यातायात प्रालिले लिएको छ। सम्पूर्ण खर्च दिने भन्दै प्रालिका पदाधिकारी नरेश सिंह अस्पतालको सम्पर्कमै थिए। तर, जब अस्पतालले यात्रुको उपचार खर्च भन्दै ६० लाखको बिलसहित पैसा तिर्न तोकता गर्न थाल्यो, दुवै पक्षबीच विमति सुरु भयो। शुक्रबार प्रालिका तर्फबाट लेखापाल रामवरण यादव ५ लाख रुपैयाँ लिएर अस्पताल पुगेपछि थप पैसा माग्दै विवाद सुरु भएको हो। शुक्रबार अध्यक्ष चौधरीसहित आएका व्यक्तिको समूहले अस्पताल पुगेर सुरक्षा गार्डलाई समेत कुटपिट गर्दै तोडफोड गरेका थिए।

अध्यक्ष चौधरीले बिरामी र पैसा लिएर गएको व्यक्तिलाई बन्धक बनाउँदा विवाद भएको बताए। अस्पतालसँग नियमति कुराकानी भइरहेको उनले सुनाए। 'चार दिनदेखि बिरामीलाई बन्धक बनाइएको छ,' उनले भने, 'जबकि हामीसँग नियमित कुराकानी भइरहेको छ। हिजो (शुक्रबार) पैसा बुझाउन गएका यतायात प्रालिका लेखापाल रामवरण यादवलाई उल्टै बन्धक बनाइयो।'

**अस्पतालको दाबी ५५ लाख**

धनलक्ष्मी ट्राभल्स ढल्केवर ( माल टोल) नजिक दुर्घटना भएको थियो। दुर्घटनामा परेर ४१ यात्रु घाइते भई उक्त अस्पतालमा भर्ना भएका थिए। एक हप्ताभित्र ३४ जना बिरामी निको भएर डिस्चार्ज भएको अस्पताल प्रशासनका अजय राउतले जानकारी दिए। र, उनीहरूले पुनः फलोअप उपचार पनि गराए। बाँकी सात जना अस्पतालमै छन्। उनीहरूको उपचार भइरहेको अजयको कथन छ। शुक्रबारसम्म अस्पताल, औषधि, सिटी स्क्यान र एमआरआई गरी करिब ५५ लाख रुपैयाँ उपचारमा खर्च भएको उनको दाबी छ। जसमध्ये १३ लाख रुपैयाँ बस व्यवसायीले अस्पताललाई बुझाइसकेका छन्। बाँकी रहेको पैसा बुझाउन भन्दा 'गुण्डागर्दी शैली'मा तोडफोड गरेको उनले सुनाए। 'गार्डलाई पिट्दै फार्मेसी र एक्स–रेसहित बाटोमा पर्ने विभागमा तोडफोड गरिएको छ,' उनले भने, 'तोडफोडबाट भएको क्षतिबारे यकिन गर्दै छौं। यस विषयमा हामी कानुनी उपचारमा पनि जान्छौं।'

यता प्रालिका अध्यक्ष चौधरीले मनोमानी बिल पनि बनाएको आरोप लगाए। 'एम्बुलेन्स चालकसँग पनि उनीहरूको मिलेमतो छ। सबै बिरामीलाई एम्बुलेन्स चालकले सरकारी अस्पतालमा नलगेर न्यूरोमा लगे,' उनले भने, 'अब बिलमा मनपरी हिसाब गरिएको छ। भोलिपल्ट ३४ जना डिस्चार्ज भएका छन्। सात जनाको उपचारमा ५५ लाख कसरी खर्च भयो ?'

# पत्रकारमाथि संघातिक आक्रामण गर्नेमाथि कार्वाही गर्न महासंघको माग



सिरहा, २३ चैत्र। सिरहाका पत्रकार मुकेश यादवमाथि संघातिक हमला गर्नेहरुलाई तत्काल पक्राउगरी कार्वाही गर्न नेपाल पत्रकार महासंघ सिरहाले माँग गरेको छ। विहिवार बेलुका सिरहाको बरियारपट्टीबाट घर जाने क्रममा पत्रकार यादवमाथी हमला भएको थियो। हमला गर्ने समूहलाई तत्काल पक्राउगरी कार्वाही गर्न नेपाल पत्रकार महासं सिरहाले प्रेसविज्ञप्ती जारी गरी माँग गरेको हो । प्रेस विज्ञप्तिमा स्वतन्त्र प्रेस माथि बारम्बार आक्रमण हुनु प्रेस स्वतन्त्रता र लोकतन्त्रका लागि गम्भीर खतरा उत्पन्न भएको उल्लेख गरीएको छ। पत्रकार मुकेश यादवमाथि भएको कायरतापूर्ण हमला प्रेस जगतको मात्र नभई सम्पूर्ण अभिव्यक्ति स्वतन्त्रतामाथिको आक्रमण रहेको महासंघले जनाएको छ। घटनाको तत्काल छानबिन गरी दोषीमाथि कारबाही गर्न महासंघले माँग गरेको छ। यादवमाथि हमलागर्नेहरुलाई तत्काल पक्राउगरी कार्वाही नगरे महासंघ चरणबद्ध आन्दोलनमा उत्रिने पनि विज्ञप्तीमा उल्लेख गरिएको छ।

यादवालई धरिलो हतियारले आक्रमण गरेकोले उनी गम्भीर घाइते भएका छन्। उनको उपचारका जनकपुरस्थित प्रादेशिक अस्पतालमा भईरहेको छ। पत्रकार यादवले बसको फोटो खिचेको आरोपमा कुटपिट गरिएको बताइएको छ। बस सञ्चालक प्रमेश्वर यादवले आफूमाथि कुटपिट गर्न लगाएको पत्रकार यादवले दाबी गरेका छन्। 'प्रमेश्वर यादवले ममाथि बसको फोटो खिचेको आरोप लगाउँदै कुटपिट गर्न मानिस खटाएको हो। जब कि उहाँको बसको मैले फोटो नै खिचेको छैन। बसको फोटो खिचेको आशंकाकै भरमा मलाई फोनबाट गालिगलौज गर्दै आएका थिए।




## लहान....

प्रत्येक महिनाको २२ गतेका दिन वितरण गरिन्छ। नगरपालिकाले स्वास्थ्य संस्थामा नियमित जाँच गर्ने सुत्केरी तथा गर्भवतीलाई पोषण प्याकेज वितरण गर्ने नीतिका कारण सुविधा पाएसँगै अहिले उनीहरू स्वास्थ्य संस्थामा नियमित जाँच गर्न थालेको अधिकृत चौधरीले जानकारी दिए। उनका अनुसार यस कार्यक्रममार्फत हालसम्म चार हजारभन्दा बढी सुत्केरी तथा गर्भवतीले सुविधा पाइसकेका छन्।

गत स्थानीय तहको निर्वाचनअघि जनतासँग गरेको प्रतिबद्धताअनुसार आफू नगरप्रमुख पदमा निर्वाचित भएदेखि भविष्यमा जन्मिने शिशु स्वास्थ्य होस भन्ने चाहनाले सुत्केरी तथा गर्भवतीलाई पोषण कार्यक्रम सुरु गरेको नगरप्रमुख महेशप्रसाद चौधरीले बताए। उनले भने, "सुत्केरी अवस्थामा अति विपन्न परिवारका सुत्केरी महिलाले पोसिलो खाने कुरा खान नपाउँदा बच्चामा कुपोषण हुने तथा आमाको स्वास्थ्यसमेतमा समस्या हुन्छ। त्यसैलाई रोक्नका लागि थोरै भए पनि सहयोग गरौँ भन्ने उद्देश्यले यो कार्यक्रम सुरु गरेका हौँ, अहिले यो अत्यन्त प्रभावकारी भइरहेको छ।"

नगरपालिकाभित्र विपन्न तथा दलितको जनसंख्या उल्लेख्य भएकाले यहाँका सुत्केरी तथा गर्भवतीको पोषणको अवस्था सुधारका लागि आगामी दिनमा पनि पोषण 'प्याकेज'को यस कार्यक्रमलाई निरन्तरता दिइने नगरप्रमुख चौधरीको भनाइ छ।

## फुसको घर...

असुरक्षा हुने समस्या अब रहेन।"

शौचालय निर्माणका लागि आफू विकन परियोजना अन्तर्गतको वाटरएड र दलित जनकल्याण युवा क्लबको पहलपछि २८ लाखमा छ पुरुष, छ महिला र दुई अपाङ्गतामैत्री गरी १४ कोठे शौचालय निर्माण गरिएको छ।

शौचालय निर्माण सम्पन्न भएर हस्तान्तरणसमेत भइसकेपछि ठुलो काम भएको आफूलाई लागेको वडाध्यक्ष राजकुमार यादवले बताउनुभयो। लहान नगरपालिकामा २० प्रतिशत दलितको जनसंख्या रहेको छ। दलित बस्तीमा खानेपानी र शौचालय पुऱ्याउन नगरपालिका २, ५, ११ र २१ नम्बर वडामा सुविधा सम्पन्न सामुदायिक शौचालय निर्माण भएको र २४ घण्टा खानेपानीको पहुँच बढाउन विकन परियोजनाले काम अगाडि बढाइरहेको क्लब लहानका निर्देशक विनोदकुमार बिसुन्केले जानकारी दिनुभयो। उहाँको अनुसार वास योजनाअन्तर्गत नगरपालिकाको १३, १४, १५, १६ र १७ नम्बरमा खानेपानीको कार्यक्रमसमेत द्रुत गतिमा अगाडि बढिरहेको छ। ठुलो दलित बस्तीमा एक/दुई वटा हातेकल मात्रै रहेको बस्तीमा सामुदायिक शौचालय र घर घरमा खानेपानीको धारा निर्माण कार्य नगरपालिकाको सहयोगमा अगाडि बढिसकेको छ।

नगरपालिकाले लिएको हाम्रो लहान, सुन्दर सभ्य र स्वच्छ लहानको नारा कार्यान्वयन गर्न विकन परियोजनासँग मिलेर प्रभावकारी कार्य गरिरहेको नगरप्रमुख महेशप्रसाद चौधरीले बताउनुभयो।

## जसपा नेपालका...

यादव, तीन छोरा र दुई छोरीलाई शोकसन्तप्त अवस्थामा छोडेका छन्। उहाँको निधनले जसपा निकट राजनीतिक वृत्तमा शोकको वातावरण छाएको छ। पार्टीका नेताहरूले यादवप्रति श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनलाई धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामना गरेका छन्। पार्टीका जिल्ला सचिब बिन कुमार मण्डले जनाए।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)